**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १० गते मंगलबार ❑ 24 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कास्कीको मादी गाउँपालिकाको गाँउसभा स्थगित, बजेट प्रभावित

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

कास्कीको मादी गाउँपालिकाको गाउँसभा स्थगित हुदा बजेट प्रभावित भएको छ।

मादी गाउँपालिकाका अध्यक्ष देविजंग गुरुङले आउँदो बर्षको लागि बार्षिक नीति तथा कार्यक्रम प्रस्तुतः गरे पश्चात टेवल भई छलफलकै क्रममा केही सदस्यहरुले नियम आपती जनाएसंगै सोमबार नै बजेट ल्याउने तयारी गरे पनि बैठक स्थगित भएको पालिकाले जनाएको छ।

उक्त बैठक अनिश्चित कालिन स्थगित भएकोले बजेट समेत अन्योल भएको हो। मादी गाउँपालिकाका पालिकाका सदस्य सचिव धनेन्द्र भूजेलले जारी गरेको गाउँसभा स्थगित सम्बन्धि सूचनामा अर्को सूचना प्रकाशन नहुँदासम्म मादी गाउँपालिका गाउँसभाको १७ औं अधिवेशन स्थगित भएको उल्लेख गरिएको छ।



कागेंसकी गाउँसभा सदस्य पार्वती राना मगरले बैठक किन ढिला सुरु गरेको, कार्यपालिकामा पार्टीको बैठक जस्तै गरी बैठक बसेको लगायतको बिषयमा भनाई राखेसंगै केही एमालेका गाउँसभा सदस्यले नियम आपत्ति जनाएसंगै बजेट ल्याउने बैठक स्थगित भएको बताइन्छ। एमालेका गाउँसभा सदस्य माधव सापकोटा र दीपक क्षेत्रीले नियम आपत्ति जनाएँगै उक्त बिषय गाउँसभाको रेकर्डबाट हटाउन माग गरेसंगै केहीले माने पनि केहीले दोहोरो चरित्र प्रर्दशन गरेका कारण बैठक स्थगित भएको नाम नबताउने गरी एक सदस्यले बताउनु भयो।

नेपाली कागेंसबाट पालिका अध्यक्ष देविजंग गुरुङ र एमालेकी कल्पना गुरुङ उपाध्यक्षमा विगत ३ बर्ष अघि निर्वाचित हुनु भएको थियो। नेपालको संविधानतह असार १० गते भोलि सम्म स्थानिय तहले बजेट ल्याउनु पर्ने कानूनि व्यबस्था गरिएको छ।

## ट्रेकिङ गाइड प्रशिक्षार्थीलाई भेथलाङ्को भिरमा रक क्लाइम्बिङ तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

पर्यटक पथ प्रदर्शक र ट्रेकिङ गाइड प्रशिक्षार्थीहरुलाई पोखरामा रक क्लाइम्बिङ तालिम दिइएको छ।

साहसिक गन्तब्यको रुपमा विकास भइरहेको गण्डकी प्रदेशमा दक्ष जनशक्ति उत्पादन गर्ने उदेश्यले पर्यटक पथ प्रदर्शक, ट्रेकिङ गाइडलाई रक क्लाइम्बिङ तालिम दिइएको हो। ट्रेकिङ एजेन्सीज् एशोसिएसन आफ नेपाल (टान) गण्डकीको आयोजनामा नेपाल पर्यटन बोर्ड र नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानको सहकार्यमा पोखरामा पर्यटक पथ प्रदर्शक, ट्रेकिङ गाइड र पोटर गाइड तालिम संचालन भइरहेको छ। सोही तालिममा सहभागिलाई भिरमा रक क्लाइम्बिङको तालिम दिइएको हो। पोखरा महानगरपालिका वडानम्बर १८ को मेथलाङ्को भिरमा तालिम दिइएको हो। थ्री सिस्टर एड्भेन्चर ट्रेकिङले उक्त भिरलाई रक क्लाइम्बिङको प्रशिक्षण स्थालको रुपमा संचालन गर्दैं आएको संचालक



लक्की क्षेत्रीले जानकारी दिइन्।

नयाँ युवालाई पर्यटन तर्फ आकर्षण गर्ने र स्वरोजगार बनाउन तालिमको अयोजना गरिएको हो टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले बताए। रक क्लाइम्बिङ ट्रेकिङको विधा पनि हो आचार्यले भने पर्यटक पथ प्रदर्शक, ट्रेकिङका गाइडको लागि रक क्लाइम्बिङलाई एउटा पेसाको रुपमा विकास गर्न सकिन्छ। टान गण्डकीका सहसचिव भूपेन्द्रकुमार लामा र लाक्पा शेर्पाले रक क्लाइम्बिङको तालिम दिएका थिए। ट्रेकिङ जादा आउन सक्ने जोखिमलाई मध्यनजर गरी रक क्लाइम्बिङमा तालिम दिएको 'रक क्लाइम्बिङका प्रशिक्षक लामाले बताए। विश्वभर रक क्लाइम्बिङको क्रम बढ्दै गएको र नेपालमा पनि रक क्लाइम्बिङ गर्ने पर्यटक बढ्दै गएको छ लामाले भने नेपालमा पनि यसले व्यवसायीकता लिने विश्वास व्यक्त गरे।

प्रशिक्षक शेर्पाले २ स ३० प्रशिक्षार्थीलाई दुइ दिनेमा क्लाइम्बिङको वेसीक तालिम दिइने बताए। २५ दिने तालिम जेठ २६ गतेबाट सुरु भएको थियो। पर्यटक पथ प्रदर्शक, ट्रेकिङ गाइड र पोटर गाइड गरि ३ सय ५० जना तालिममा सहभागि भएका छन्।

## गण्डकी प्रदेशसभा हलमा बजेटको किताब च्यात्दै, बजेटमा विभेद भएको सांसद जुग्जालीको गुनासो

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

गण्डकी प्रदेशसभामा सोमबार नेकपा (माओवादी केन्द्र) का सांसद तथा गण्डकीका पूर्व भौतिक पूर्वाधार मन्त्री रेशम बहादुर जुग्जालीले सदनको रोष्ट्रमबाटै विनियोजित बार्षिक बजेटको पुस्तक च्यात्नु भएको छ।

सभामुख समक्ष अनुमति माग्दै उहाँले सत्ता पक्षले समेत बिरोध गरेकोले आउदो आर्थिक बर्षको लागि विनियोजन भएको म्यादीको ३ करोड ५० लाखको बजेट समेत भौतिक पूर्वाधार मन्त्रालयलै लैजान माग गर्दै बजेट पुस्तक च्यात्नु भएको हो।

सरकारले बजेट प्रति विभेद गरेको भन्दै बिरोध जनाउदै उहाँले विशेषगरी म्याग्दी जिल्लालाई अत्यन्त न्यून बजेट विनियोजन गरिएको भन्दै सदनमा आक्रोश पोख्नु भएको थियो। म्याग्दीको भूगोल थाहा छैन भने आफ्नै व्यक्तिगत खर्चमा घुमाउने उहाँले भौतिक मन्त्रीलाई चेतावनी समेत दिनुभयो।

सांसद जुग्जालीले बजेटले सत्तासीनहरूको पूर्वाग्रह झल्काएको आरोप लगाउदै आफ्नो भागमा परेको दुई करोड पनि फिर्ता लैजान आग्रह गर्नुभयो। उहाँले भन्नुभयो" यो बजेट सत्तापक्षकै सांसदहरूलाई पनि चित्तबुझ्दो छैन तर के गर्नु अन्तिममा समर्थन गर्न पर् यो तर हामीलाई भने कुनै दबाब छैन्, यस्तो अन्यायपूर्ण बजेटको किताब हामीलाई चाहिँदैन सभामुखको अनुमतिले यो किताब च्याते।"

उक्त बजेट जनताको अपेक्षा नभई सत्ता समीकरणको खेल भएको आरोप लगाउदै बजेट सगरमाथा हिँड्न खोजेको तर हिन्दसागरतिर पुगेको उहाँको टिप्पर्णी थियो। सभाहलमा केही सांसदहरू मौन बसे पनि धेरैले जुग्जालीको साहसी कदमलाई मौन समर्थन जनाउनु भएको थियो। जुग्जालीले यो बजेट देवीदेवतालाई मात्र खुसी पार्ने खालको भएको भन्दै अर्थमन्त्री र भौतिक पूर्वाधार मन्त्रीलाई म्याग्दीको गुर्जादेखि नारच्याङ हुँदै दारखोलासम्म आफैं घुमाउने चेतावनी पनि दिनु भएको छ।

एमालेका सांसद गणेशमान गुरुङले प्रदशेको गौरवको योजना भन्दा आफ्नो घर र नजिकको छरछिमेकीलाई हेर्ने गरी बजेट विनियोजन गरेको चर्को बिरोध जनाउनु भयो। संघियता र लोकतन्त्रलाई कमजोर बनाउने काम प्रदेश सरकारको कामले गरेको उहाँले दाबी गर्नुभयो। उहाँका अनुसार गोर्खामा १ अर्ब ५९ करोड बजेट विनियोजन भएको तर मनाङमा २९ करोड ४० लाख, मुस्ताङमा १९ करोड विनियोजन भई असमान ढंगले बजेट विनियोजन भएको जिकिर गर्नुभयो।

राप्रपाका सांसद एवं पूर्व मन्त्री पन्चराम गुरुङले बजेटले समृद्धिको सपना देखाए पनि व्यवहारमा शुल्य जस्तै रहेको गुनासो गर्नुभयो। नेपाली कागेंसका सांसद द्रोण कुमार कुंवरले सत्ता पक्षको पृष्टपोषण गर्दै सदनमा बजेटको बिरोध गर्ने स्वभाविक प्रकृया भएको बताउनु भयो।

## युवाहरु भ्रमित भएमा परिवर्तन र अग्रगमनले गति लिँदैन: प्रधानमन्त्री

**रासस**
काठमाडौं, ९ असार

प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले युवाहरु भ्रमित भएमा परिवर्तन र अग्रगमनको गति सुस्त हुने बताउनुभएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालको केन्द्रीय कमिटीको दोस्रो पूर्ण बैठकलाई आज सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले युवाहरुले

बाँकी अन्तिम पृष्ठमा ▶▶




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## क्षेत्रगत कर्जा विस्तारमा राष्ट्र बैंकको लचिलो नीति, बैंक वित्तीय संस्थाले पाए एक वर्ष थप समय

**रासस**
काठमाडौं, ९ असार

क्षेत्रगत कर्जा विस्तारमा नेपाल राष्ट्र बैंकले लचिलो नीति अवलम्बन गरेको छ।

राष्ट्र बैंकले सोमबार 'बैंक तथा वित्तीय संस्थाहरुका लागि जारी गरिएको एकीकृत निर्देशन, २०८१' मा संशोधन गर्दै बैंक तथा वित्तीय संस्थाहरुले क्षेत्रगत कर्जा प्रवाहमा कायम गर्नुपर्ने न्यूनतम सीमा पुऱ्याउने समय एक वर्ष थपेको हो।

संशोधित व्यवस्थाअनुसार वाणिज्य बैंकहरुले कृषि क्षेत्रमा प्रवाह गर्ने र साना तथा मझौला उद्योगमा प्रवाह गर्नुपर्ने न्यूनतम १५ प्रतिशत कर्जाको सीमा पुऱ्याउनका लागि २०८५ असारसम्मको समयसीमा पाएका हुन्। यसअघि यस्तो क्षेत्रगत कर्जाको सीमा कायम गरिसक्न २०८४ असार मसान्तसम्मको समय दिइएको थियो।

एकीकृत निर्देशनमा संशोधन गरी वाणिज्य बैंकहरुले कृषि, लघु, घरेलु, साना उद्योगमा प्रवाहित कर्जा २०८२ असार समान्तसम्म ११ प्रतिशत, २०८३ असार मसान्तसम्ममा १२ प्रतिशत, २०८४ असार मसान्तसम्म १३ प्रतिशत र २०८५ असार मसान्तसम्म १५ प्रतिशत पुऱ्याइसक्नुपर्नेछ। यसअघि यस्तो क्षेत्रगत कर्जा २०८२ असार समान्तसम्म १२ प्रतिशत, २०८३ असार मसान्तसम्म १३ प्रतिशत र २०८४ असार मसान्तसम्म १५ प्रतिशत पुऱ्याइसक्नुपर्ने व्यवस्था थियो। राष्ट्र बैंकले जारी गरेको संशोधित एकीकृत निर्देशनअनुसार विकास बैंकहरुले कृषि, लघु, घरेलु तथा साना उद्यम, ऊर्जा र पर्यटन क्षेत्रमा न्यूनतम २० प्रतिशत र 'ग' वर्गका वित्त कम्पनीहरुले १५ प्रतिशत कायम गरिसक्नुपर्ने समयसीमामा पनि एक वर्ष थपेर २०८५ असार मसान्तसम्म कायम गरिएको छ।

कृषि क्षेत्रमा तोकिएको न्यूनतम प्रतिशत कर्जा प्रवाह गरेका वाणिज्य बैंकले अन्य क्षेत्रमा तोकिएको प्रतिशतबमोजिम कर्जा लगानी गर्न नसकेमा नपुग प्रतिशत आफ्नो विशेषज्ञता भएको क्षेत्रमा थप लगानी गरी कुल प्रतिशतमा गणना गर्नसक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ।

त्यस्तै, रु दुई करोडसम्मको क्षेत्रगत कर्जालाई पुनरतालिकीकरण तथा पुनर्संरचना गर्न सक्ने व्यवस्थासमेत राष्ट्र बैंकले गरेको छ। एकीकृत निर्देशनमा भनिएको छ, "परिस्थितिवश समस्यामा परेका रु दुई करोडसम्मका कृषि, उर्जा र लघु, घरेलु, साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जाको हकमा ऋणीको अनुरोधमा व्यावसायिक योजना तथा नगदप्रवाह लगायतका पक्षहरुको विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी एक पटकका लागि कर्जाको पुनरतालिकीकरण वा पुनरसंरचना गर्न सकिनेछ।"

कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणका लागि केही सर्त राखिएका छन्। जसमा यस्तो पुनरतालिकीकरण वा पुनरसंरचना २०८२ असोज मसान्तभित्र गरिसक्नुपर्ने, पुनरतालिकीकरण र पुनरसंरचना गरिएको कर्जालाई २०८१ पुस मसान्तमा जुन वर्गमा वर्गीकृत गरिएको थियो कम्तीमा सोही वर्गमा वर्गीकरण गर्नुपर्ने र पुनरतालिकीकरण वा पुनरसंरचना अघि गरिएको कर्जा नोक्सानी व्यवस्था 'राइट ब्याक' गर्न नपाइनेलगायत सर्त छन्।

# पोखरा हेमजादेखि काठमाडौँ भक्तपुरसम्म सुपर डिलक्स बस सेवा सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

पोखरादेखि काठमाडौं क्षेत्रमा सुविधा सम्पन्न बस सेवा संचतालन हुने क्रम जारी रहेको छ।

पछिल्लो समयमा कोइली ट्राभल्सले सोमबारदेखि पोखरा हेमजाबाट काठमाडौँ भक्तपुर सम्मका लागि सुपर डिलक्स बस सेवा सञ्चालनमा ल्याएको हो।

विगत ७ महिनादेखि रात्रिकालीन बस सेवा सञ्चालन गर्दै आएको कोइली ट्राभल्सले आइतबार देखि दिवा सेवा सिमेत संचालन गरेको सञ्चालक मेघराज त्रिपाठीले बताउनु भयो। सिल्परमा एउटा सिङ्गल र दुई वटामा दुई जना सुत्न मिल्ने व्यवस्था रहेको छ भने अशक्त र ढाडको बिरामीका लागि सिल्पर सहितको व्यवस्था हुँदा बिरामी यात्रुहरूलाई यात्रा गर्न सहज हुने उहाँले दाबी गर्नुभयो।

यात्राको क्रममा यात्रुहरूलाई सहज यात्राका लागि एसी, वाई फाइ, हरेक सिटमा चार्ज गर्न




मिल्ने, खाजा, कफी, कोक चिसो तातो पानीको व्यवस्था रहेको सञ्चालक त्रिपाठीले जनाउनु भयो।

उक्त बस सेवा हेमजाबाट बिहान ६ बजे छुट्नेछ भने, मालेपाटन, जिरो किमी, हल्लनचोक, लेकसाइड, पर्यटक बसपार्क, मुस्ताङचोक हुँदै पृथ्वीचोकबाट काठमाडौंको गौशाला चावेल एर्पोट हुँदै भक्तपुर पुग्ने भएको छ। भक्तपुरबाट बाट पोखराका लागि सोही रुट मार्फत बिहान ६:३० बजे छुट्ने भएको कम्पनीले जनाएको छ।

दुई बसको करिब २ करोड ३० लाखको लगानीमा सञ्चालनमा ल्याइएको त्रिपाठीले जनाउनु भयो। उक्त बसको भाड दर १ हजार ६ सय रहेको छ।

चाइनामा निर्मित सेन्सर सिस्टम जडित आधुनिक बाथ रुमको पनि व्यवस्था रहेको छ। उक्त बसमा सेवा गर्ने यात्रुले दिसा पिसाब बस भित्र गर्न पाउने सुविधा रहेको रहेको छ भने यात्रुहरूको सुविधाका लागि २८ वटा फोल्डिङ सोफा सिट रहेको छ। रात्रि सेवामा यात्रुहरूले देखाएको अपार माया र सद्भावलाई मध्यनजर गर्दै कोइली ट्राभल्सले आइतबार देखि हेमजा बाट काठमाडौँ भक्तपुर सम्मका लागि दिवा सेवामा दुई वटा नयाँ सुपर डिलक्स बस सेवा सञ्चालनमा ल्याएको हो। पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीको व्यवस्थापन तथा यातायात व्यवसायी मेघराज त्रिपाठी र अशोक कुमार चौधरीको लगानीमा उक्त बस सेवा संचालमना आएको हो।

उक्त बस सेवाको एक समारोहका बिच पोखरा महानगर पालिकाका प्रवक्ता तथा वडा नं. २५ का वडा अध्यक्ष मोतीलाल तिम्सिनाले शुभारम्भ गर्दै पर्यटनको राजधानि पोखरामा यस्ता सुविधा सम्पन्न बस सेवाले पर्यटन प्रबर्द्धन हुने बताउनु भयो। पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनीका अध्यक्ष योगेन्द्र बहादुर केसीले कोइली ट्राभल्सटले यात्रुहरूको मन जित्न सफल हुने विश्वास व्यक्त गर्नुभयो। पोखरामा पछिल्लो समयमा सुपर डिलक्स सेवा संचालन गर्ने क्रम जारी रहेको उहाँको भनाई थियो।

# 'तस्विरमा पोखरा-९' फोटो प्रदर्शनीको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

नेपाल फोटो पत्रकार संघ (एनपीजेए) कास्कीको आयोजनामा 'तस्विरमा पोखरा-९' फोटो प्रदर्शनी हुने भएको छ।

पोखरा महानगरपालिका वडा नम्वर ९ को सहयोगमा असार १३ गते शुक्रबार महेन्द्रपुलस्थित झण्डा पार्क नजिकैको फल्चामा फोटो प्रदर्शनी गरिने भएको हो। प्रदर्शनीमा पोखरा महानगरपालिका-९ क्षेत्रसँगै पोखराको ऐतिहासिक, पर्यटकीय र समसामायिक विषय झल्कने फोटो राखिने एनपीजेए कास्कीका अध्यक्ष राम गुरुङले जानकारी दिए।

फोटोको माध्यमबाट पोखराको पर्यटन प्रवर्द्धनसँगै पोखराको ऐतिहासिकता दर्साउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको उनले सुनाए। पोखरामा रहेका फोटो पत्रकारहरुको सीप र कला प्रदर्शनमा पनि यो कार्यक्रमले सघाउने उनको भनाइ थियो।

फोटोको माध्यमबाट पर्यटकले पोखराका बारेमा छिटो जानकारी प्राप्त गर्न सक्ने भएकाले फोटो पत्रकारले गर्न लागेको कार्यक्रममा वडा कार्यालयले साथ दिएको पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले जानकारी दिए।

पोखरा पर्यटकीय राजधानी घोषणा भइसकेको र पोखरा भ्रमण वर्ष २०२५ सञ्चालन भइरहेको समयमा फोटो प्रदर्शनी महत्वपूर्ण भूमिका खेल्ने उनले बताए।

# रोटरी क्लव अफ पोखरा मिडटाउनको रक्तदान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

रोटरी क्लव अफ पोखरा मिडटाउन र मनिपाल टिचिङ अस्पताल पुवर प्यासेन्ट फण्डको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम हालै सम्पन्न भयो।

कार्यक्रमको अध्यक्षता रोटरी क्लव अफ पोखरा मिडटाउनका प्रिसिडेन्ट नोमिनि संगिता तिमल्सिनाले गरेकी थिइन्। कार्यक्रममा अस्पताल चिफ एक्जुकेटिभ डाईरेक्टर अनिल वोडिवलले रक्तदाता लाई ब्लड व्याग हस्तान्त्रण गरेर कार्यक्रम सुरु गरिएको थियो। रोटरी क्लवका पुर्व अध्यक्ष रविन्द्र वास्तोला, प्रिसिडेन्ट ईलेक्ट उपेन्द्र पौडेलले रोटरीका गतिविधिहरु तथा आगामि दिनमा गर्ने कार्यहरुको वारेमा जानकारी दिएका थिए। प्रिसिडेन्ट नोमिनि संगिता तिमल्सिनाले रोटरी क्लव पोखरा मिड टाउनले स्थापना




कालदेखि आफु र आफ्ना नियमित पेशा व्यवसायको साथै समाजिक उत्तर दायित्व वोध गर्दै समय समयमा यस किसिमका कार्य गर्दै आएको रक्तदाता र ब्लडबैकं परिवारलाई धन्यवाद दिइन्। क्लवको तर्फवाट रु २२००० मणिपाल असाह विरामी फण्डलाई हस्तान्त्रण गरिने।

कार्यक्रममा ५५ जनाले रक्तदान गरेका थिए। अस्पतालको तर्फ वाट एम वि वि एस तेश्रो वर्षमा अध्यनरत विद्यार्थीले समयोजन गरेका थिए। क्लवको तर्फ निवर्तमान अध्यक्ष सोनि ढेवाजुले समयोजन गरेकी क्लवका सचिव जीवन भण्डारीले पोखरापत्रलाई वताए।

# नदिपुरको पीसीएममा रोजगार तथा इन्टनसीप मेला

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

पोखरा ३ नदिपुरमा रहेको पोखरा कलेज अफम्यानेजमेन्ट (पीसीएम) ले वार्षिक कार्यतालिका अनुरूप सञ्चाल नगरिएको एक सातालामो कार्यक्रम अन्तर्गत "पीसीएममा रोजगार तथा इन्टनसीप मेला" सोमवार सम्पन्न भएको छ।

उक्त मेलामा बैंक, उत्पादन, सूचना तथा प्रविधि, व्यापार जस्ता विभिन्न क्षेत्रका २० प्रतिष्ठित संस्थाहरूको सहभागिता रहेको थियो। बिबिए र बीसीएसआईटी अध्ययनरत करिब दुइ सय जना विद्यार्थीहरूले मेलाबाट प्रत्यक्ष लाभ उठाएको कलेजले विश्वास व्यक्त गरेको छ। मेलाको प्रमुख आकर्षणहरूमा सीभी प्रस्तुति, अन्तर्वार्ता, करियर परामर्श लगायत रहेका थिए। कलेज प्रमुख लीनानेगी श्रेष्ठले यस्ता मेलाहरूले कलेज,विद्यार्थी र सम्बन्धित संस्थाबीचको सम्बन्ध




मजबुत बनाई विद्यार्थीले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न र करियर निर्माणमा सहयोग पुऱ्याउने बताइन। कलेजको सप्ताह व्यापी कार्यक्रम अन्तर्गत "डेमो प्रेस मिट" यस अघि नै सम्पन्न भइसकेको छ भने आगामी ११ असार मा कलेज प्राङ्गणमा "पीसीएम फेस्ट २०२५" आयोजना हुने कलेजका दिवा कार्यक्रमका संयोजक सरोज कुँवरले पोखरापत्रलाई वताए। फेष्टमा विद्यार्थीहरूले विभिन्न प्रतिभा प्रदर्शन गर्नेछन् भने राष्ट्रिय चर्चित रकहेड्स ब्याण्डको प्रस्तुति पनि रहनेछ। त्यसैगरी सप्ताहन्तमा "आइडिया पिच प्रतियोगिता"पनिआयोजना गरिने छ। सन् २००२ मा स्थापनाभएको पोखरा कलेज अफम्यानेजमेन्ट, पोखरा विश्वविद्यालयसँग सम्बद्ध संस्थाको रूपमा बिबिए, बिबिए फाइनान्स तथा बीसीएस आईटी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

# बाँदर आतङ्क न्यूनीकरण गर्न 'बाँदर बगैँचा' निर्माण गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ असार

बागलुङको जैमिनी नगरपालिकाले बाँदर आतङ्क न्यूनीकरण गर्न 'बाँदर बगैँचा' बनाउने भएको छ। आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगर प्रमुख नरबहादुर पुनले ग्रामीण क्षेत्रमा बाँदर आतङ्कका कारण किसानले गाउँ छाड्न थालेपछि कम क्षति पुऱ्याउने फलफूल र मसलाबालीको खेती गरिने बताउनुभयो।

वडा नं ८ पुरानो गाउँमा 'बाँदर बगैँचा' बनाउने प्रमुख पुनको भनाइ छ। नयाँ आर्थिक वर्षमा कृषिलाई प्राथमिकतामा राखेको नीति तथा कार्यक्रममा उल्लेख छ। युवालाई कृषिमा आकर्षण गर्न र किसानलाई प्रोत्साहन गर्न नगरपालिकाले किसानलाई परिचयपत्र दिने भएको छ। पालिकाभरका सबै किसानलाई सूचीकरण गरेर परिचयपत्र दिने प्रमुख पुनले बताउनुभयो। नगरपालिकाले उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एमबुलेन्स सञ्चालनसमेत गर्ने भएको छ। दुग्ध उत्पादन बढाउन पशुको निःशुल्क नश्ल सुधार गर्ने, खोप लगाउने, औषधि र अन्य उपचार गराउनेदेखि उत्पादनको बजारीकरण गर्न किसानलाई सघाउने पुनले बताउनुभयो। किसानलाई प्रोत्साहन गर्न बाख्रा जोन बनाउने र दूध उत्पादन बढाउने नीति नगरपालिकाले लिएको छ। अण्डा र मासुमा आत्मनिर्भर बनाउने, उत्पादन र बिक्रीमा आधारित अनुदान दिएर काम गर्ने किसान प्रोत्साहन कार्यक्रम ल्याएको प्रमुख पुन बताउनुहुन्छ। हलगोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने, राँगो र बङ्गुरलाई मासुको बजारीकरणमा जोड्ने, पाडापाडी उत्पादन बढाएर चीनसम्म मासु निर्यात गर्ने नीतिमा उल्लेख छ। गत वर्ष लिएको 'सेरा जाऔँ, केरा खाऔँ' कार्यक्रमलाई पनि निरन्तरता दिइने भएको छ। 'छोरी जन्मे घर, खुसीको लहर' भन्ने मूल नारासहित सञ्चालन भएको जैमिनीकी छोरी कार्यक्रमलाई निरन्तरता दिइने भएको छ। छोरी जन्मेमा जन्मदर्ता गर्दा रु दुई हजार ५०० को खाता खोलिदिने नीति तथा कार्यक्रममा उल्लेख छ।

# युवाहरु ...

व्यक्तिको नभई सही विचार र नेतृत्वको पक्षपोषणमा लाग्नुपर्नेमा जोड दिनुभयो। "अहिले युवा सङ्घको काँधमा असाधारण जिम्मेवारी रहेको छ। आगामी स्थानीय तहको निर्वाचनसम्म यस कमिटीको नेतृत्व रहन्छ। सङ्घको नेतृत्वले आफ्नो कार्यकालका लागि सिङ्गो योजना बनाओस्।

नयाँ इतिहास कायम राखोस्। असाधारण सक्रियताका साथ काम गरोस्", अध्यक्ष ओलीले भन्नुभयो, "यसले सामाजिक न्याय, राष्ट्रिय हित, रक्षा, सुशासन र वैज्ञानिक दृष्टिकोणजस्ता एमालेका नीतिप्रतिको प्रतिबद्ध सङ्गठनका रुपमा उभ्याओस्। वैचारिक हिसाबले स्पष्ट र साङ्गठनिक हिसाबले सुदृढ तथा आवश्यकता परेका बेला देश र पार्टीका पक्षमा जुझारुरुपमा आन्दोलन गर्न सक्ने योजना होस्। विपक्षीहरुले फैलाएका भ्रमपूर्ण प्रचारको खण्डन गरोस्। सही बाटोका पछि लागोस्। व्यक्तिका पछि होइन।" अध्यक्ष ओलीले सही ढङ्गले नेतृत्व गर्न सक्ने व्यक्तिप्रति युवाहरु असहिष्णु हुनु हुँदैन भन्दै इनोभेटिभ तरिकाले गर्ने खोजका कामहरु विश्वमा युवाहरुले नै गरेकाले आफ्नो क्षेत्रमा दक्षता हासिल र नयाँ उपलब्धि हासिल गर्न अग्रसर हुन आव्हान गर्नुभयो। "युवाहरु सही बाटोमा अघि बढेमा देश सही बाटोमा अघि बढ्छ। युवाहरुलाई भ्रममा पार्न वा शिथिल पार्ने काम भएमा परिवर्तन र अग्रगमन सुस्त गतिमा अगाडि बढ्न पुग्छ। युवाहरुलाई उद्यमशीलतातर्फ कसरी अगाडि बढाउने भन्नेमा हामी लाग्नुपर्छ", उहाँले भन्नुभयो, "उही नेता कहिले कहिले आवश्यकताले दोहोरिन्छ। कहिले एक पटकमै उसको परीक्षणबाट असफल हुन्छ। हामीले पार्टीमा ठिक नेतृत्व नपाउँदा आन्दोलन रुमलियो। जनताको बहुदलीय जनवाद (जबज) पारित भएपछि पनि तत्काल सही नेतृत्व पाएनौँ। जब सही नेतृत्व पायौँ, त्यसपछि पार्टीलाई सुस्पष्ट र मजबुद बनाएर अघि बढ्यौँ।"

आफूहरुलाई सिध्याउँछौँ भनेर प्रतिक्रियावादीहरु लागे पनि आफूहरु मजबुद हुन सक्नुमा सही विचार र सही नेतृत्व भएकाले पार्टी एकीकरण गरेर नेकपा बनाएको तर पार्टीमा विभाजन गराइएकाले फेरि पार्टीलाई जस्ताको तस्तै बनाएर अघि बढेको त्यो सामर्थ्य एमालेसँग भएको अध्यक्ष ओलीले स्पष्ट गर्नुभयो। "अहिले अर्थविनाको युवा युवा भनेर उचाल्ने प्रवृत्ति छ। जहाँ पनि युवा मात्रै भनेर हुँदैन। कुन तहसम्म कसरी युवाले के गर्छ भन्ने कुरा महत्वपूर्ण हुन्छ। दक्षता, सीप र अनुभव आदि कुराहरु चाहिन्छ", अध्यक्ष ओलीले भन्नुभयो, "कुनै पनि व्यक्तिभित्र घमण्ड पसेपछि ऊ बिग्रने बाटोमा जान्छ। हाम्रा युवाहरु दम्भी, घमण्डी हुने छैनन्। क्षमतावान विनयी र शालिन हुनेछन्। गुण्डा हुने छैनन्, बलवान हुनेछन्। कसैले गालामा पिट्न आएमा ओम शान्ति... भनेर चाँहि बस्दैनन्। त्यसकारण युवा सङ्घले अन्याय सहँदैन र अन्याय गर्दैन भन्ने बुझाउन सक्नुपर्छ।"

युवा सङ्घ जनताको स्वाभिमानको मजबुद किल्ला भएकाले यसलाई कसैले भत्काउन नसक्ने स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले युवा सङ्घ समग्र सामाजिक क्रियाकलाप, जागरण र देशभक्तिपूर्ण भावको नायक हो भन्नुभयो।

# अभियानमा हर्पिक, फिनेल र झोल साबुन बनाउने तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ असार

पोखरा महानगरपालिका वडा नम्बर १ लामपाटन मार्गस्थित अभियान महिला समुहले आफना सदस्यहरुको लागि आयोजना गरेको हर्पिक, फिनेल र झोल साबुन बनाउने तालिम सम्पन्न गरेको छ।

आफनो समूहमा आबद्ध सदस्यहरुलाई स्वरोजगार बनाउने उदेश्य सहित सिप सिकै र आत्मनिर्भर बनौ भन्ने नारा सहित पोखरा महानगरपालिका वडा नम्बर १ कार्यालयको सहयोगमा आईतबारदेखि सुरु दुई दिने तालिम मंगलबार सम्पन्न भएको हो। तालिममा समुहमा आवद्ध ४० जना सदस्यहरुको सहभागिता रहेको समुहकी अध्यक्ष सरस्वती रिमालले जानकारी दिईन। तालिम पछि सिकेका कुराहरु व्यवहारमा उत्तार्ने गरि आफुहरुले काम गर्ने रिमालले बताईन। तालिममा सहभागीहरुलाई लक्ष्मी पौडेलले सहजीकरण गरेकी




थिईन्। तालिम समापन गदै पोखरा १ का वडा अध्यक्ष सहारा प्रधानले वडाले पहिलोपटक यो तालिम संचालन गरेको बताए। तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न सहभागीहरुलाई आग्रह गरेका थिए। वडामा यो नयाँ तालिम रहेकाले तालिम पछि यस्लाई व्यापारीक प्रयोजनका लागि उत्पादन गरि ब्यवसायी सगै आत्मनिर्भर बन्न सहभागीहरुलाई आग्रह गरेका थिए। वडा सदस्य शोभा गुरुङले तालिम पछि अव आफैले हर्पिक, फिनेल र झोल साबुन उत्पादन गरि बेच्न आग्रह गरेकी थिईन। यी दैनिक आवश्यकताकाका समग्री रहेकाले यस्को बजार समेत राम्रो रहेको भनाई उनको थियो। समापन समारोहमा सहभागीका तर्फबाट नीता पोखरेल र निर्मला तिवारीले आफ्नो दैनिक जिवनमा उत्पादन हुने बस्तु रहेकाले अव घरमै यस्को उत्पादन गर्ने बताएका थिए। आफुहरुले हलसम्म लिएका तालिम मध्ये यो तालिम वयवहारीक र आवश्यक रहेको उनीहरुले बताएका थिए।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

**सम्पादकीय**

# भिजिट भिसा उच्च स्तरीय छानबिन समिति गठन

सरकारले भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन गरेको छ । बालुवाटारमा सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले पूर्वमुख्यसचिव शंकरदास वैरागीको नेतृत्वमा छानबिन समिति बनाएको छ । समितिको सदस्यमा गृह मन्त्रालयका सचिव गोकर्णमणी दुवाडी, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव कृष्णहरी पुस्कर, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव रविलाल पन्थ, परराष्ट्र मन्त्रालयका सचिव अमृतकुमार राई लगायत रहेका छन् । समितिलाई उक्त प्रकरणमा अध्ययन गरेर प्रतिवेदन बुझाउन तीन महिनाको समय दिइएको छ ।

गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै रास्वपा र राप्रपाले संसदमा विरोध गर्दै आएका छन् । सरकारले प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रसँगको सहमतिअनुसार समिति गठन गरिएको हो । भिजिट भिसाका नाममा मानव तस्करी हुँदै आएको छ । यो प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग भिजिट भिसा प्रकरणको भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकको नाम मुछिएको आरोप लगाउँदै निष्पक्ष छानबिनका लागि राजीनामाको माग गरेका छन् । गृहमन्त्रीको राजिनामा रास्वपा र राप्रपाको माग छ । गृहमन्त्री लेखकले भिजिट भिसा प्रकरणमा संलग्नता नरहेको जिकिर गर्दै आएका छन । रास्वपा सभापति को बेला प्रतिपक्षमा रहेको नेपाली काङ्ग्रेसले अहिलेका प्रतिपक्षीले जस्तै अडान लिएका थिए । सदनमा मन्त्रीलाई बोल्ने नदिने गलत अडानले गर्दा काङ्ग्रेसलाई गलपासो भएको छाआरोप लागेका मन्त्रीलाई बोल्न नदिने यस्ता पुरानै कुरामा संसद् अवरुद्ध गर्नु महत्वपूर्ण समयको खेरा फाल्नु हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भिजिट भिसा सम्बन्धमा अनुसन्धान गर्न गृहसचिवले दरबन्दीभन्दा बढी कर्मचारी अध्यागमन कार्यालयमा खटाएको पाएको थियो । त्यसपछि अख्तियारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र पठाएर के भएको हो बुझ्न भनेको थियो । "अख्तियारले किन दरबन्दीभन्दा बढी कर्मचारी खटाइएको हो बुझ्न भन्दै प्रधानमन्त्री कार्यालयलाई पत्र पठाएपछि प्रधानमन्त्री कार्यालयले गृह सचिवलाई पत्र पठाई यथार्थ बुझ्न खोलेको छ । गृहसचिव दुवाडीले दरबन्दीभन्दा बढी कर्मचारी अध्यागमन कार्यालयमा खटाएको र उनीहरूले सेटिङमा भिजिट भिसामा नेपालीलाई विदेश पठाउन मानव तस्करहरूलाई सघाएको भन्दै अख्तियारमा उजुरी परेको थियो । उजुरीमा दरबन्दीभन्दा बढी कर्मचारी अध्यागमन पठाएर गृहसचिव दुवाडीले अनियमितता गरेको आरोप लगाउँदै उनीमाथि अनुसन्धान गरी कारबाही गर्न माग गरिएको छ ।

अख्तियारले सोही उजुरी साथमा राखेर गृहसचिवको कार्य बुझ्न भन्दै प्रधानमन्त्री कार्यालयलाई पत्र पठाएको थियो । त्यसपछि प्रधानमन्त्री कार्यालयले गृहसचिवलाई पत्र पठाएको हो । "यसअघि पनि दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन गर्नुस् भनि दुई-तीनपटक पत्र पठाएको हो । तर जवाफ आएन । अहिले अख्तियारले भनेपछि फेरि पत्र पठाएको प्रधानमन्त्री कार्यालयको भनाइले गाँठोलाई कसिलो बनाउन खोजेको देखिन्छ सरकारले उच्च स्तरीय छानबिन गठन गरेर भनाइ अनुसार काम गरेर विपक्षीको मात्र नभई मानव तस्करीको कलंक अन्त्य गर्न सबैको सहयोग आवश्यक छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : आर्थिक समस्या | मकर | : शारीरिक झमेला |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : मानसिक तनाव |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# म्याग्दीको टिकोट तरकारी पकेट क्षेत्र

**रासस**
म्याग्दी, ९ असार

आयात घटाउने, स्थानीय कृषकलाई आत्मनिर्भर र व्यावसायिक बनाउने उद्देश्यले अन्नपूर्ण गाउँपालिका-७ हिस्तान टिकोटमा तरकारीको पकेट विकास कार्यक्रम सुरु भएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत गाउँपालिकाले टिकोटको हरिमूल कृषि तथा पशुपक्षी कृषक समूहमार्फत पकेट कार्यक्रम सञ्चालन गरेको हो । गाउँपालिकाका कृषि अधिकृत श्यामशरण कुर्मीले २० जना आबद्ध समूहमार्फत १४० रोपनीभन्दा बढी क्षेत्रफलमा व्यावसायिक तरकारीखेती भएको जानकारी दिनुभयो । "समूहमा आबद्ध नभएका कृषकलाई पनि समेटेर बन्दा, काउली, काँक्रो, करेलालगायत तरकारीखेती भएको छ," उहाँले भन्नुभयो, "पकेट कार्यक्रममार्फत कृषकलाई अनुदानमा बीउ, कृषि औजार र प्रविधि सहयोग गरेका छौँ ।" गाउँपालिकाको रु ११ लाख ९९ हजार ३२२ र कृषकको रु आठ लाख ५४ हजार ८९८ गरी कुल रु २० लाख ५४ हजार २२१ को लागतमा यस वर्ष विभिन्न कार्यक्रम भएको छ । कृषकले सिँचाइ सामग्रीमा ८५ प्रतिशत र अन्यमा ५० प्रतिशत अनुदान पाएका छन् । आठवटा प्लास्टिक घर निर्माण, चारवटा मिनिटेलर हलो, पाँच तराजु, एक हजार लिटर क्षमताको १३ वटा सिँचाइ ड्रम, दुई हजार ४०० मिटर पाइप, २५ वटा पाँच लिटर क्षमताको हजारी, १६ लिटर क्षमताको १३ वटा स्प्रेयर, २०० वटा क्रेट, नौवटा थोपा सिँचाइ सेट, १४० थान स्पिङ्कल, ९८ किलोग्राम लुज पाइप र १०० वटा सिड ट्रे वितरण गरिएको छ । रु एक लाख ३५ हजारको बीउ, रु एक लाखको सुष्म तत्व र जैविक मल, रु एक लाखको विषादी तथा रु ३० हजार बराबरको २०० किलोग्राम पिटमस वितरण गर्नाका साथै तीनदिने तरकारीखेतीसम्बन्धी तालिम सञ्चालन भएको थियो । उच्च पहाडी भूगोलको चिसो हावापानीमा तरकारीखेती राम्रो हुने भएकाले पकेट क्षेत्र स्थापना गरिएको हरिमूल कृषि समूहका अध्यक्ष थमबहादुर पुर्जाले बताउनुभयो । टिकोटका कृषकले उत्पादन गरेको तरकारी बेनी, जोमसोम, पोखरा, बागलुङलगायतका ठाउँमा बिक्री हुने गर्छ । दुई वर्षसम्म सञ्चालन हुने कार्यक्रमका लागि आगामी आर्थिक वर्षमा रु छ लाख बजेट प्रस्ताव गरिएको अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो ।

# चितवन निकुञ्ज सुरक्षाका लागि 'स्पाई क्यामेरा' जडान

**रासस**
चितवन, ९ असार

चितवन राष्ट्रिय निकुञ्जले झाडी सम्भावित चोरीसिकारी नियन्त्रणका लागि 'स्पाई क्यामेरा' जडान गरेको छ । निकुञ्जको संवेदनशील क्षेत्रमा यो क्यामेरा जडान गरिएको हो ।

निकुञ्जका सूचना अधिकारी अबिनास थापामगरका अनुसार मनसुन सुरु भएसँगै निकुञ्जका हरेक क्षेत्रमा मानवीय रूपमा उपस्थित भएर सुरक्षा दिन कठिन हुने भएकाले क्यामेरा जडान गरिएको हो । सम्भावित घटनालाई मध्यनजर गर्दै स्पाई क्यामेराबाट निगरानी गरिएको छ । हात्तीद्वारा पट्रोलिङ बढाइएको छ ।

निकुञ्ज क्षेत्रको संवेदनशील स्थानमा ३० स्पाई क्यामेरा जडान गरिएको उहाँले बताउनुभयो । यी क्यामेरा गोप्य रूपमा राखिएको छ । यसबाट निकुञ्जभित्र हुने चोरीसिकारी नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ सुरौंदी खोलामा झोलुङ्गे पुल निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- योजनाको नाम : सुरौंदी खोला झोलुङ्गे पुल निर्माण
- उपभोक्ता समितिको नाम : सुरौंदी खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
- योजना सम्झौता मिति : २०८१/०२/२३ गते
- योजना सुरु मिति : २०८१/०२/२४ गते
- योजना सम्पन्न भएको मिति : २०८२/०३/०५ गते
- महानगरपालिकाबाट सामान खरिद तथा अन्य : रु. २३,०७,६१८/१०
- उपभोक्ता समितिले गरेको खर्च रकम : रु.२४,६३,१६८/४१
- जनसहभागिता : रु. १,०४,४५४/५९
- योजनाको कुल लागत : रु.४८,७५,२४१/१०

**इन्द्र प्रसाद भण्डारी**
**अध्यक्ष**
**सुरौंदी खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की**

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १९ भुर्जुङ खोलामा स्टील ट्रस पुल निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- योजनाको नाम : भुर्जुङ खोला स्टील ट्रस पुल निर्माण
- उपभोक्ता समितिको नाम : भुर्जुङ खोला स्टील ट्रस पुल निर्माण उपभोक्ता समिति, पोखरा-१९, कास्की
- योजना सम्झौता मिति : २०८१/०२/२३ गते
- योजना सुरु मिति : २०८१/०२/२९ गते
- योजना सम्पन्न भएको मिति : २०८२/०३/०९ गते
- महानगरपालिकाबाट सामान खरिद तथा अन्य : रु. १६,७५,२८६/१८
- उपभोक्ता समितिले गरेको खर्च रकम : रु.१४,३५,२७६/५०
- जनसहभागिता : रु. ६८,४२७/१५
- योजनाको कुल लागत : रु.३१,७८,९९०/१८

**गोविन्द प्रसाद गौतम**
**अध्यक्ष**
**भुर्जुङ खोला स्टील ट्रस पुल निर्माण उपभोक्ता समिति, पोखरा-१९, कास्की**


# कल्भर्टले विस्थापित गर्‍यो झोलुङ्गे पुल

**पोखरापत्र संवाददाता**
गण्डकी, ९ असार

यहाँको गलकोट नगरपालिकामा झोलुङ्गे पुलको विकल्पमा कल्भर्ट निर्माण गरिएको छ । नगरपालिकाका विभिन्न स्थानमा साना सवार ीसाधन र पैदलयात्रीलाई सहजताका लागि कल्भर्ट निर्माण गरिएको हो ।

गलकोट-२ नरेठाँटीस्थित मूलाखोलाको झोलुङ्गे पुल बाढीले बगाएपछि कल्भर्ट निर्माण गरिएको छ । विसं २०७२ को बाढीले झोलुङ्गे पुल बगाएपछि त्यस ठाउँमा मोटरबाटो निर्माणसँगै कल्भर्ट बनाइएको हो । नरेठाँटीमा योसँगै चार स्थानमा झोलुङ्गे पुलको सट्टा कल्भर्ट बनाइएको हो ।

नरेठाँटी बजारबाट माथिल्लो बस्ती साविक नरेठाँटी गाविस-१, २ र ३ तर्फ जाने नागरिकलाई लक्षित गरेर रु २० लाखमा कल्भर्ट निर्माण गरिएको हो । कल्भर्ट निर्माणले नरेठाँटीको माथिल्लो बस्ती छाप, राम्चे, तोरीखोलालगायत स्थानका नागरिकलाई सहज भएको गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकरी दिनुभयो । गण्डकी प्रदेश सरकारको पूर्वाधार विकास कार्यालय बागलुङमार्फत ६.५ मिटरको लम्बाइको कल्भर्ट प्रकृतिको पुल निर्माण गरिएपछि यो समस्या हटेको हो । रु २० लाख लागतमा उक्त कल्भर्ट स्थानीयले उपभोक्ता समितिमार्फत निर्माण गरेका हुन् ।

उपभोक्ता समितिका अध्यक्ष श्रीकृष्ण भण्डारीका अनुसार लोकमार्गको वैकल्पिक सडकमा कल्भर्ट बनाएर झोलुङ्गे पुल विस्थापित गरिएको छ । मध्यपहाडी लोकमार्ग अवरुद्ध भएमा नरेठाँटी-फापरखेती छाप ग्रामीण सडक विकल्प हुने र कल्भर्टले बाह्रैमास सवारीसाधन चल्ने छ । पूर्वाधार विकास कार्यालयका इञ्जिनियर चन्द्र पुनका अनुसार छोटो पुलले ठूलो राहत दिएको छ ।

साविक नरेठाँटी गाविस धेरै खोल्साखाल्सी र खोला भएको क्षेत्र हो । बर्खायाममा खोलामा बाढी आउने जोखिम हुने भएकाले यहाँका विभिन्न ठाउँमा झोलुङ्गे पुल निर्माण गरिएका थिए । अब मोटरबाटोको स्तरोन्नतिसँगै कल्भर्ट निर्माण गरिएपछि झोलुङ्गे पुल विस्थापित भइरहेका इञ्जिनियर पुनको भनाइ छ । नरेठाँटीमा चारवटा कल्भर्ट प्रकृतिका पक्की पुल निर्माण भएकाले झोलुङ्गे पुल उपयोगविहीन भएको उहाँ बताउनुहुन्छ । प्रयोगविहीन झोलुङ्गे पुललाई अर्कै स्थानमा स्थानान्तरण गर्ने नगरपालिकाको योजना छ ।

# श्रमदान गरेर पर्यटकीयस्थल सोवाङधुरीमा पूर्वाधार निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ असार

रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा अवस्थित पर्यटकीयस्थल सोवाङधुरीमा जाने पर्यटकको सुविधाका लागि खानेपानीसहितको पूर्वाधार निर्माण गरिएको छ । धवलागिरि आइसफल पदमार्गअन्तर्गत पर्ने पर्यटकीयस्थल सोवाङधुरीको भ्रमणमा जाने पर्यटकको सुविधाका लागि धुरी नजिकै क्याम्पिङ गरी बस्ने ठाउँमा शौचालय पनि बनाइएको हो ।

गाउँपालिकाबाट विनियोजन भएको रु तीन लाख र स्थानीयवासीको रु ३१ हजार ७०० बराबरको श्रमदाननमा शौचालय निर्माण गरिएको वडासचिव सुमन बुढाथोकीले जानकारी दिनुभयो ।

समुद्री सतहबाट तीन हजार ८४० मिटरको उचाइमा अवस्थित सोवाङधुरीमा ढुङ्गा नपाइने भएकाले शौचालयको सेफ्टीट्याङ्की बनाएर काठले बारिएको र टिनले छाइएको छ ।

त्यसैगरि शौचालय परिसरमा चारवटा पाँच सय लिटरको हिलट्याङ्क ड्रम राखेर धारासमेत जडान गरिएको वडासदस्य चेतन गर्बुजाले जानकारी दिनुभयो । उक्त ड्रममा धुरी नजिकै रहेको खानेपानीको मूलबाट पाइपमार्फत पानी ल्याएर जम्मा गर्ने व्यवस्था गरिएको छ । शौचालय बनाउन स्थानीयवासीसँगै वडा सदस्य प्रेमबहादुर पुन र चेतन गर्बुजाले निर्माणस्थलमा बसेर श्रमदान गर्नुभएको थियो ।

चिमखोलाबाट पात्लेखेत-सिजी-थामडाँडा हुँदै करिब सात घण्टाको पैदलयात्रामा सोवाङधुरी पुग्न सकिन्छ । धवलागिरि आइसफल पदमार्गअन्तर्गत सोवाङधुरी एकैठाउँबाट धवलागिरि र अन्नपूर्ण हिमशृङ्खलाअन्तर्गतका दर्जनौं हिमाललाई अवलोकन गर्न सकिने ठाउँका रूपमा परिचित छ । सोवाङधुरीबाट मनोरम हिमशृङ्खलासँगै म्याग्दीका विभिन्न ग्रामीण बस्तीको समेत अवलोकन गर्न सकिने र जैविक विविधतायुक्त क्षेत्र भएकाले यहाँको दृश्यले पर्यटकलाई लोभ्याउने गर्छ ।

म्याग्दी र मुस्ताङलाई वैकल्पिक पदमार्गले जोड्नेगरी पहिचान भएको धवलागिरि आइसफल पदमार्गअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ गायत्री मन्दिरबाट सुरु भएर भगवती-रुइसे-भेडिओढार-मुटुकाटे-पजत्राधुरी हुँदै सोवाङधुरी जोड्ने मुख्य पदमार्ग रहेको छ । मुख्य पदमार्ग र चिमखोला हुँदै सोवाङधुरी पुगेपछि पर्यटक नेपाने-लोसधाप-लाटीबराह-कालीबराह ताल हुँदै धवलागिरि हिमालको आधार शिविर पुग्ने गर्छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ जनचेतन उच्च मा.वि. देखि चौंपाको चौर सडक निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

- योजनाको नामः जनचेतन उच्च मा.वि.देखि चौंपाको चौर सडक
- ठेगानाः पोखरा-२१, निर्मलपोखरी
- योजना सम्झौता मितिः २०८१/१०/२७ गते
- योजना शुरु हुने मितिः २०८१/१०/२८ गते
- योजना सम्पन्न हुने मितिः २०८२/०१/३० गते
- योजना सम्पन्न भएको मितिः २०८२/०३/०५ गते
- योजनाको कुल लागतः रु.५,८८,२८२.३९।-
- महानगरपालिकाबाटः रु.५,००,०००।-
- जनसहभागिताबाटः रु.८८,२८२.३९।-
- अध्यक्षः सूर्य गिरी सम्पर्क नं.ः ९८५६०१६७६९
- अनुगमन संयोजकः दर्योधन गिरी
- निर्माण समिति सदस्य संख्याः ७ महिलाः २, पुरुषः ५

**जनचेतन उच्च मा.वि. देखि चौंपाको चौर सडक उपभोक्ता समिति पोखरा-२१, निर्मलपोखरी**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २० अन्तर्गत वडा कार्यालय कुनाखेत आयटारी सडक स्तरोन्नती योजनामा तपसिल बमोजिमको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुमा जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ ।

- योजनाको नामः वडा कार्यालय कुनाखेत आयटारी सडक स्तरोन्नती योजना, पोखरा-२०
- उपभोक्ता समितिको नाम : वडा कार्यालय कुनाखेत आयटारी सडक स्तरोन्नती उपभोक्ता समिति
- योजनाको कुल लागत : रु.४१,२०,०००।-
- योजना सम्झौता मिति : २०८१/९/२६ गते
- योजना शुरु मिति : २०८१/१०/२० गते
- योजना सम्पन्न मिति : २०८२/२/३० गते
- पो म पा वडा नम्बर २० बाट : रु. ३५,००,०००।-
- उपभोक्ता समितिबाट : रु. ६,२०,०००।-
- उपभोक्ता समिति अध्यक्षः मुक्तिनाथ अधिकारी

**वडा कार्यालय कुनाखेत आयटारी सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-२०, कास्की**

# चिमखोला-मङ्गले-राहुघाट जलविद्युत् आयोजनाको परीक्षण उत्पादन सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, ९ असार

रघुगङ्गा गाउँपालिकामा निर्माण भएको ३७ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला-मङ्गले-राहुघाट जलविद्युत् आयोजनाले परीक्षण उत्पादन थालेको छ।

तुदी पावर कम्पनी लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको बाँध, डिसेन्डर (पानी थिग्र्याउने पोखरी) र सुरुङलगायत भौतिक संरचनाको परीक्षण सकेर विद्युत् उत्पादन सुरु गरेको हो। तुदी पावरका प्रतिनिधि इन्द्र ढकालले परीक्षण सफल भएपछि आयोजनाको विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोडिने बताउनुभयो। अबको १५ दिनमा परीक्षण सकिने उहाँले बताउनुभयो।

रघुगङ्गा गाउँपालिका-८ बन्दीमा बाँध र नजिकै एक सय १० मिटर लामो, आठ मिटर अग्लो र ३० मिटर चौडाइको पानी थिग्र्याउने पोखरी निर्माण भएको छ। बाँधबाट पाँच किलोमिटर ३०० मिटर लामो सुरुङबाट ल्याइएको पानी रघुगङ्गा-७ चिमखोलाको बगरस्थित विद्युतगृहमा खसाल्न नौ सय ५० मिटर पेनस्टक पाइप लाइन बनाइएको आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले बताउनुभयो। विद्युतगृहबाट सुरुङको आउटलेटको उचाइ तीन सय ६० मिटर छ। विसं २०७७ मङ्सिरदेखि निर्माण सुरु भएको आयोजनाको सिभिल ठेकेदार रामेछाप शेर्पा र साउथ एसियन इन्फ्रास्ट्रक्चर प्रालि हो। चार ठाउँबाट सुरुङ खनिएको थियो।

माछापुच्छ्रे र बिएमइडब्लु नेपाल हाइड्रोमेकानिकल तथा एभरेष्ट हाइड्रो इलेक्ट्रोमेकानिकल ठेकेदार हुन्।

विद्युतगृहबाट रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह परिसरमा निर्माण भएको स्वीचयार्डसम्म १४ किलोमिटर दूरीको दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माण भएको छ।

प्रसारण लाइनका ४९ वटा टावर रहेका छन्। आयोजनाबाट उत्पादित विद्युत् दुई सय २० केभी क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा 'लुप इन, लुप आउट' (लिलो) माध्यमबाट जोडिने भएको छ। चिमखोला-मङ्गले-राहुघाटसहित तुदी पावर नै प्रवर्द्धक रहेको ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजनाको लागत रु १४ अर्ब रहेको छ।

अपर राहुघाट पनि निर्माणको अन्तिम चरणमा छ। चिमखोला-मङ्गले-राहुघाट राहुघाट बेसिनमा निर्माण सम्पन्न भएको पहिलो जलविद्युत् आयोजना हो। राहुघाट नदीमा ४० मेगावाटको राहुघाट, २१ दशमलव तीन मेगावाटको ठूलोखोला र २२ दशमलव तीन मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण सम्पन्न हुने चरणमा छन्।

# व्यावसायिक रूपमा सङ्गठित हुँदै थकाली महिला

**पोखरापत्र संवाददाता**
मुस्ताङ, ९ असार

सधैँजसो कृषि, पशुपालन र घरायसी कामधन्दामा व्यस्त हुने मुस्ताङको ठिनीगाउँका थकाली महिला व्यावसायिक रूपमा सङ्गठित हुँदै जान थालेका छन्। त्यहाँका महिलाले सामुदायिक कृषि र पशुपालनका साथै घरबास (होमस्टे) चलाएर वैकल्पिक आयआर्जन गर्न थालेका छन्।

लुकेको हीरा नामको उपाधि पाएको मुस्ताङको ठिनीगाउँ सदरमुकाम जोमसोम नजिकै भएर पनि ओभ्फेलमा परेको थियो। त्यस गाउँमा महिलाले होमस्टे चलाउन थालेपछि विस्तारै पर्यटकको उपस्थिति बढ्दै जान थालेको छ। थकाली सामुदायिक होमस्टे चलाएर त्यहाँका महिलाले गतिलो आम्दानी गर्न थालेका छन्।

पर्यटनका हिसाबले पछि परेको ठिनीगाउँमा स्थानीय जनमुक्ति युवा क्लबको सक्रियतामा त्यहाँका महिलालाई सङ्गठित गर्दै २०७३ सालदेखि ग्रामीण होमस्टे सञ्चालन गरिएको हो। सुरुआती चरणमा ठिनीमा स्थानीय जुमा थकाली, मीना थकाली, स्मिता थकाली, आइतकुमारी थकाली र बत्तीमाया थकाली गरी पाँच घरपरिवारले सामूहिक रूपमा ग्रामीण होमस्टे सुरु गरेका थिए। उनीहरूले सुरु गरेको होमस्टे दोस्रो वर्षमा सरकारी निकायमा विधिवत दर्ता गरेका थिए। सधैँजसो कुटोकोदालो र घरधन्दामा व्यस्त भइरहने यहाँका थकाली महिलालाई अहिले भने पाहुना उम्काउन भ्याइनभ्याई छ। सुरुमा पाँच घरबाट सुरु भएको ठिनीगाउँको थकाली सामुदायिक होमस्टेमा अहिले १२ घरपरिवार जोडिएको थकाली सामुदायिक होमस्टेका सचिव जुमा थकालीले बताउनुभयो। "होमस्टे चलाएको ६ वर्ष पुग्यो, हामीले यहाँका महिलालाई व्यावसायिक रूपमा सङ्गठित गर्दै लैजाने मनसाय राखेका छौँ, अहिलेसम्म १२ परिवार जोडिएका छन्, होमस्टेमा जोडिन चाहने महिलालाई ढोका खुला राखेका छौँ।"

ठिनी थकाली सामुदायिक होमस्टे जिल्लाकै अब्बल होमस्टेका रूपमा स्थापित भइसकेको छ। सदरमुकाम जोमसोमबाट पूर्वको अग्लो स्थानमा अवस्थित यो होमस्टेको दूरी दुई किलोमिटर टाढा पर्छ। जोमसोमबाट १० मिनेटमै पुग्न सकिने ठिनी थकाली होमस्टेसम्मको सडक कालोपत्र भइसकेको छ। घरपभ्फोङ रिङरोड सडक निर्माणाधीन भएकै कारण यो होमस्टेमा बाँस बस्न पर्यटकको लर्को नै लाग्ने गरेको सचिव थकालीले बताउनुभयो। सडक मोटरबाटो सहज भएको, होमस्टेका सेवा सुविधा र प्रचारप्रसार भइसकेकाले दैनिक ५० देखि दुई सय बढी पर्यटक यहाँमा आउने गरेको उहाँको भनाइ छ। जिल्लाकै नमूनाका रूपमा रहेको ठिनी थकाली सामुदायिक होमस्टेमा पाहुनाका लागि सभाहल, किचन र शौचालयलगायतका पूर्वाधार निर्माण भइसकेकाले निकै सहज भएको बत्तीमाया थकालीले उल्लेख गर्नुभयो। "होमस्टेमा पाहुनालाई खाना र खाजा खुवाउने गरिन्छ, उनीहरुलाई थकाली नृत्य समेत देखाउँछौँ," बत्तीमायाले भन्नुभयो, "दैनिक समूहगत आलोपालो गरी कार्यविभाजन गरेका छौँ, जसको पालो आउँछ, उनीहरु नै होमस्टे चलाउन खटिने गरी कार्यतालिका बनाएका छौँ।" पछिल्लो समय घरपभ्फोङ गाउँपालिकाले रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत रैथाने बाली विविधिकरणका लागि उपकरण तथा तालिमको व्यवस्था गरेकाले होमस्टेका महिलाले उवा, फापर, जौँलगायतका विभिन्न परिकार बनाएर बिक्री गर्न थालेका छन्। होमस्टेमा कुनै सभासमारोह र कार्यक्रम गर्नुपरेमा समेत त्यहाँका होमस्टे महिलाले सेवा प्रदान गरेको ठिनीका स्थानीय नीरज थकालीले जानकारी दिनुभयो। मुख्य राजमार्ग सडकमा सञ्चालन भएका होटलभन्दा होमस्टेमा खान र बस्नका लागि सस्तोमा सेवा दिने गरेको उहाँले बताउनुभयो। होमस्टेका महिलाले पर्यटकलाई स्वागत र बिदाइ गर्दा सम्मानस्वरुप आतिथ्यता प्रकट गर्ने गरेकाले पर्यटक पुनः मुस्ताङ आउँदा होमस्टेमा बस्ने वातावरण बनाउने उहाँ बताउनुहुन्छ।

मुक्तिनाथ दर्शन र कोरलानाका पुगेर फर्किएका पर्यटक फर्किँदा ठिनी थकाली सामुदायिक होमस्टेमा बाँस बस्न आउने गरेको होमस्टे प्रतिनिधि मीना थकालीले बताउनुभयो। सबैभन्दा बढी पाहुना असोज, कात्तिक र चैत, वैशाखमा आउने गरेको उहाँले जानकारी दिनुभयो। समुद्री सतहबाट दुई हजार ९०० मिटरको उचाइमा अवस्थित होमस्टेबाट धवलागिरि, निलगिरि हिमाल तथा खेतीयोग्य भूभाग र कालीगण्डकी करिडोर मनमोहक देखिन्छ। ठिनी गाउँबाट जोमसोम बजार, स्याङ, मार्फागाउँ लगायतका दृष्य मनमोहक देखिन्छ। ठिनी हुँदै त्यहाँको हिउँचितुवा गुफा, यारुभ्फो भ्यूटावर, ढुम्बाताल, घरपभ्फोङ किल्ला, कुछप तेरङ्गा गुम्बा र थकाली सङ्ग्रालय आदि पर्यटकले अवलोकन गर्ने गर्छन्।

# 'कृषिको उत्पादकत्व बढाउन बाँदर नियन्त्रण जरुरी'

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ असार

जैमिनी नगरपालकाले तीन वर्षदेखि चर्चामा सीमित भएको बाँदर बगैँचाको काम थाल्ने भएको छ। सत्रौँ नगरसभा तथा आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख नरबहादुर पुनले कृषिको उत्पादकत्व बढाउन बाँदर नियन्त्रण जरुरी भएको नीतिमा उल्लेख गर्नुभएको छ।

बाँदरकै कारण किसानले बस्ती छाडेर हिँडेका, उत्पादकत्व घटेको र किसानले जमिन बाँभ्फै छाड्न थालेपछि यो काम थाल्ने नीतिमा नगरपालिका पुगेको हो। वडा नं ८ छिस्तीको पुरानो गाउँमा बाँदर बगैँचा निर्माणको काम थाल्ने नीतिमा उल्लेख छ। वन ऐन, वन्यजन्तुसम्बन्धी कानुनले बाँदर बगैँचा निर्माणको काम रोकिएको छ। बाँदरलाई सङ्घ सरकारले कृषिको हानिकारक वन्यजन्तुमा राख्ने भएपछि बाँदर बगैँचा बनाएर किसानको बाली संरक्षण गर्ने जैमिनीको नीति आएको हो। किसानलाई प्रोत्साहन गर्न जैमिनीले पशुपालनतर्फ बाख्रा जोन बनाउने र दूध उत्पादन बढाउने नीति लिएको छ। दुग्धजन्य परिकारलाई मूल्य शृङ्खलामा जोडेर बन्द रहेका फार्म पनि सञ्चालनमा प्रोत्साहन गरिने भएको हो। त्यसका लागि ' निःशुल्क नश्ल सुधार, दूध उत्पादनको आधार' भन्ने नारा तय गरिएको छ। दूध उत्पादन र बिक्रीमा नगरपालिकाले अनुदान पनि दिने भएको हो।

कृषि क्षेत्रमा आर्कषण बढाउन र किसानलाई सम्मान गर्न नगरपालिकाले किसानलाई परिचयपत्र दिने भएको छ। सबै किसानलाइ सूचीकरण गरेर परिचयपत्र दिने भएको हो। जैमिनीलाई सबै किसान सूचीकरण भएको पालिका बनाइने नररप्रमुखको नीतिमा उल्लेख छ।

सेरा जाऔँ केरा खाऔँको निरन्तरतासहित सुन्तला पकेट, बाख्रा जोनलगायत कार्यक्रम सञ्चालन गर्ने पनि नीतिमा उल्लेख छ। कृषि र पशुपालनमा धेरै किसान जोडिएकाले उनीहरूलाई दिने प्राविधिक सीप, अनुदान र बजारीकरणका लागि किसान सूचीकरण आवश्यक भएको पुनको भनाइ छ। किसानकै लागि नीतिमा सबैभन्दा धेरै बुँदा समावेश छन्। यसअनुसार अण्डा र मासुमा आत्मनिर्भर बनाउने, उत्पादन र बिक्रीमा आधारित अनुदान दिएर काम गर्ने किसान प्रोत्साहन कार्यक्रम ल्याएको उहाँले बताउनुभयो।

हलगोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने, राँगो र बङ्गुरलाई मासुको बजारीकरणमा जोड्ने, पाडापाडी उत्पादन बढाएर चीनसम्म मासु निर्यातको लागि तयारी बनाउने जैमिनीको योजना छ। गत वर्ष नै सुरु गर्ने भनिएको कृषि एमबुलेन्स सञ्चालन गर्ने नीतिसमेत आएको छ। उत्पादन बढाउन पशुको निःशुल्क नश्ल सुधार गर्ने, पशुलाई खोप लगाउने, औषधि र अन्य उपचार गराउनेदेखि उत्पादनलाई बजार पठाउने काममा नगरले किसानलाई साथ दिने भएको हो। परम्परागत बालीको उत्पादन बढाउने नीति पनि नगरको छ। सिरिम्ले मकै, कोदो, फापर, सिस्नो, टिमुर, भाँगो, आलु र निउरोलगायत उत्पादनको लेबलिङ र प्याकेजिङ गरिने नीतिमा उल्लेख छ। शिक्षाको गुणस्तर बढाउन लिड स्कुलमार्फत पढाइ सञ्चालन गर्ने, सुत्केरी महिला, आकस्मिक बिरामी र जटिल दुर्घटनाका बिरामीलाई हेलीउद्धार गर्न सबै वडामा हेलिप्याड बनाउने भएको हो।

दश वडा रहेको जैमिनीमा अघिल्लो वर्ष नै तीनवटा वडामा पक्की हेलिप्याड बनाइएको छ। छोरी जन्मेमा जन्मदर्ता गर्दा रु दुई हजार ५०० को खाता खोलिदिने नीति पनि नगरले ल्याएको छ। बजेटमा सुनिश्चितता गरेर उक्त नीति ल्याएको नगरउपप्रमुख हरिहर शर्माले बताउनुभयो। नीतिमा १३ दिगो सडकलाई निरन्तरता दिने, बसपार्क निर्माण गरिने, अलपत्र परेको प्रशासकीय भवन सक्ने, सबै वडा कार्यालय निर्माण गरेर आफ्नै भवनबाट सेवा दिने नीति पनि लिइएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ माँझको बाटो हुदैं स्वाँरो पर्यटन पैदल मार्ग गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः माँझको बाटो हुदै स्वाँरो पर्यटन पैदल मार्ग
ठेगानाः पोखरा-२१, मैदान
योजना सम्झौता मितिः २०८१/११/११ गते
योजना शुरु मितिः २०८१/११/१२ गते
योजना सम्पन्न हुने मितिः २०८२/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०३/०५ गते
योजनाको कुल लागतः रु.११,७६,८९८.३२।-
महानगरपालिकाबाटः रु.१०,००,०००।-
जनसहभागिताबाटः रु.१,७६,८९८.३२।-
अध्यक्षः हिम कुमार श्रेष्ठ सम्पर्क नं.: ९८४१७६७८३९
अनुगमन संयोजकः करुणा भण्डारी
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ४, पुरुषः ५

**माँझको बाटो हुदैं स्वाँरो पर्यटन पैदल मार्ग उपभोक्ता समिति पोखरा-२१, मैदान**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ गलेश्वर पार्क दक्षिण बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः गलेश्वर पार्क दक्षिण बाटो
ठेगानाः पोखरा-१५, गलेश्वर
योजना सम्झौता मितिः २०८२/०१/०४ गते
योजना शुरु भएको मितिः २०८२/०१/०५ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/१० गते
योजना सम्पन्न भएको मितिः २०८२/०२/३१ गते
योजनाको कुल लागतः रु.४,७३,१९०।-
महानगरपालिकाबाटः रु. ४,००,०००।-
जनसहभागिताबाटः रु.७३,१९०।-
अध्यक्षः बुद्धिमान थापा सम्पर्क नं.: ९८५६०३७९५६
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**गलेश्वर पार्क दक्षिण बाटो निर्माण उपभोक्ता समिति पोखरा-१५, गलेश्वर**

**Government of Gandaki Province**
**Ministry of Social Development, Youth And Sports**
## Province Museum
**Pokhara**

## Invitation for Re-Electronic Bids

**IFB No: -PM/KASKI/NCB/W/02/081-82**
**Second Date of Publication: 24-06-2025**

1. Province Museum, Pokhara invites electronic bids only from eligible bidders for following works under NCB bidding procedure. Only eligible bidders with the following key qualifications should participate in the bidding for the contracts mentioned below.

| S.N. | Project Name | Contract ID | Fee of Bid Doc. (NRs.) | Bid Security Amount (NRs) and validity | AACT (NRs.) | Construction Work Experience Of similar Size And Nature |
|---|---|---|---|---|---|---|
| 1 | Construction of New Building After Dismantle Of Old Building | PM/KASKI/NCB/W/02/081-82 | 5000.00/ | 700000.00/ 30 days beyond the validity period of the bid. Bank address & Name, Office Name, Acc no, code As mentioned in Bid Document | NPR-37000000.00 | One Building Contract with value NPR 10000000.00 |

2. Submission and Opening:

| Submission | | Opening | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | Bidders download the bidding document and submit their bids electronically through e-procurement section of PPMO's website www.bolpatra.gov.np/egp. Other Requirments as per Bid document. |
| 09-07-2025 | 12.00 | 09-07-2025 | 13.00 | |
| Pre bid meeting-30-06-2025 12:00 Province Museum, Pokhara | | | | |

Information to deposit the cost of bidding document in Bank:

| Name of Bank | Name of Office | Office code no | Account no | Rajaswa shirshak no |
|---|---|---|---|---|
| Rastriya Banijya Bank | Province Museum Gandaki Province Pokhara | 1-1-1-1 | 3500039024 | 14229 |

Bidders may obtain further information from the office Province Museum, Pokhara.
https://provincemuseum.gandaki.gov.np/
If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
Evaluation and qualification criteria as per Bid Document.